श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४४।३।७ को निर्णयानुसार एन.सी.सी.एन. का महाप्रबन्धक श्री नारायणदत्त शर्मालाई सडक विभागको चिफ इन्जिनियर पदमा सरुवा गरिएको छ।

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना १

श्री ५ को सरकारले मिति २०४४।२।२२ को निर्णयानुसार नेपाल प्रशासन सेवाका देहायका राजपत्राङ्कित अधिकृतहरूलाई मिति २०४३।१२।३० देखि लागू हुने गरी निजामती सेवा नियमावली, २०२१ (चौबीसौं संशोधन हुनु अगावैको नियमावली अनुसार) को नियम ७.२ (२), (३) तथा (४) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ।

१. श्री महामङ्गल वज्राचार्य
उपसचिव,
वन तथा भू-संरक्षण मन्त्रालय

२. श्री तुलसीनारायण श्रेष्ठ,
राजपत्राङ्कित द्वितीय श्रेणी,
(उपसचिव स्तर)
सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह।

३. श्री हरिकृष्ण जोशी,
शाखा अधिकृत,
लोक सेवा आयोग।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
325